भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन, नेपाल, स्था. २०३५
BHARATPUR SUB-METROPOLITAN CITY OFFICE
Bharatpur, Chitwan, Nepal, Estd. 1979

प.सं. २०७३/०७४ प्र.शा. मिति: २०७३/५/२३

च.नं. ४०२८

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार , काठमाण्डौ ।

**विषय: वोर्ड वैठकको निर्णय पठाईएको ।**

यस भरतपुर उप-महानगरपालिकाको मिति २०७३/५/१९ र २१ गते वसेको वोर्ड वैठकवाट पारित निर्णयको छायाँप्रति पना ४ (चार) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थ:**
श्री सूचना शाखा,
भ.उ.म.न.पा.कार्यालय । (उक्त निर्णय न.पा. को वेभ साईडमा राख्नु हुन)

.....................
टीकाराम कंडेल
वरिष्ठ प्रशासकीय अधिकृत

बरिष्ठ प्रशासकीय अधिकृत
बरिष्ठ प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / bmc@gmail.com, website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट उप-महानगरपालिका घोषणा मिति मङ्सिर १६, २०३१)

Scanned by CamScanner

आज मिति २०६३ साल भाद्र १८ गते आइतबारका दिन बेलुका ५.१० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

**उपस्थिति**

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

**आमन्त्रित**

वरिष्ठ इन्जिनियर श्री भरतकुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

इन्जिनियर श्री किरण घिमीरे

कानुन अधिकृत श्री रवगेश्वर अधिकारी

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

इन्जिनियर श्री सूर्य प्रकाश लामा

अर्बान प्लानर श्री अस्मिता खनाल

ना.सु. श्री तेजराज खनाल

ना.सु. श्री शिवजी अधिकारी

**निर्णय नं. १**

श्री जिल्ला प्रशासन कार्यालय, चितवनको प.सं. ०६३।६४ च.नं. ६९२ मिति २०६३।५। गतेको अव्यवस्थित जग्गा प्लटिङ्ग संबन्धी प्राप्त पत्र अनुसार अव्यवस्थित जग्गा प्लटिङ्गलाई व्यवस्थापन गर्न नगर विकास समितिको सिफारीसमा उमनपाबाट Planning Permit जारी गर्नुपर्नेमा हाल नगर विकास समिति पदाधिकारी विहीन भै बैठक बसी आवश्यक निर्णय गर्न सक्ने अवस्था नभएकोले नगर विकास समितिबाट निर्णय भए पछि सोही बमोजिम हुने गरि हाललाई निम्नानुसार गर्ने निर्णय गरियो।

निर्णय न.१

नापी नक्सामा न्यूनत्तम ६ मिटर वाटो कायम भएको सिङ्गै कित्ता किनबेच गर्दा वडा कार्यालयले सम्बन्धित निकायमा सिफारिश गर्ने । घरवाटोको सिफारिश गर्दा अनिवार्य रुपमा वाटोको चौडाइ खुलाउने । बाटोमा नजोडिएको कित्ताहरु समेत सिङ्गै कित्ता किनबेच गर्दा वडा कार्यालयहरुबाट सिफारिश दिने ।

निर्णय न.२

साविकमा सडक अधिकार क्षेत्र ६ मिटर नपुगेका घडेरीहरुबाट सो मापदण्ड पुरा गर्न जग्गा थप गरी कित्ता काट तथा लगत कट्टा गर्नु पर्दा वडा कार्यालयवाट सो प्रयोजनको सिफारिश दिने । मोड नमिलेका घडेरिहरुको मोड समेत मिलाउने ।

निर्णय नं. ३

अन्य प्रयोजनको लागि कित्ताकाट गर्नुपरेको अवस्थामा वडा कार्यालयवाट सिफारिश सहित उ.म.न.पा.मा पठाई उप-महानगरपालिका कार्यालय/सेवाकेन्द्रबाट सिफरिश दिने ।

निर्णय न.४

नयाँ वाटो खोल्ने सिफारिश गर्दा साविकको Blue Print, कम्प्यूटराइज्ड नक्सा, खुला क्षेत्र समेत खुलाईएको बाटो खोल्ने प्रस्तावित जग्गाको विकसित नक्सा समेत पेश गरे पश्चात प्रकृया अगाडि वढाउने ।

Scanned by CamScanner

निर्णय न.५

बाटो खोल्दा साविकमा तथा नगर यातायात गुरु योजना (MTMP) मा ११ मिटर वा सो भन्दा अधिक चौडाइका बाटो भएका स्थानमा र १० कठ्ठा भन्दा ज्यादा क्षेत्रफललाई आवश्यक पर्ने मुख्य बाटो अनिवार्य रुपमा ८ मिटर, तथा अन्य बाटो न्यूनतम् ६ मिटरको हुनु पर्ने । सामान्यत: विकसित क्षेत्रको कुल १५ प्रतिशत जग्गा बाटोको रुपमा कायम गरेको हुनु पर्ने ।

निर्णय न.६

बाटो खोल्ने सिफारिश साथ खुला क्षेत्रको लागि प्रस्तावित कित्ता समेत खुलाई निवेदन दिनु पर्ने छ । खुला क्षेत्र न्यूनत्तम ८० वर्ग मिटर (मोहडा कम्तिमा ८ मिटर) वा कुल विकशित क्षेत्रफलको ५ प्रतिशत (जुन ज्यादा हुन्छ, सोही) कायम गर्ने तर ५ कठ्ठा वा सो भन्दा कम जग्गामा बाटो खोल्दा खुला क्षेत्रको प्रावधान लागू नगर्ने । ५ कठ्ठा वा सो भन्दा कम जग्गामा बाटो खोल्दा समेत सिफारिश आवश्यक पर्ने ।

निर्णय न.७

खोलिने बाटोका मोडहरु अनिबार्य रुपमा कम्तिमा ३.५ मिटर अर्धव्यास रहने गरि कायम गर्ने ।

निर्णय न.८

न्यूनत्तम् ६ मिटर भन्दा सानो बाटोमा अवस्थित जग्गाहरु किनवेच गर्दा, कुनै प्रयोजनले नामसारी गर्दा एवं नक्सापास गर्दा बाटोको दुवै तर्फबाट नपुग जग्गा आधा/आधा जग्गा बाटोमा थप गरि (एकातर्फि बाटोमा सोहि तर्फबाट व्यहोर्ने गरी) बाटोको चौडाई न्यूनतम् ६ मिटर कायम गरी कित्ता काट एवं लगत कट्टा गरी खरिद विकी तथा अन्य सेवाको लागि सिफारिश दिने ।

निर्णय न.९

उ.म.न.पा.ले घर नक्सा पासको लागि तोकेको घडेरीको न्यूनत्तम् मापदण्ड नपुग्ने जग्गा (८ मिटर मोहडा तथा न्यूनत्तम ६ धुर जग्गा) खरिद विकीमा रोक लगाउन सक्ने अवस्था नभएकोले यस्तो जग्गा खरिद बिकीको लागि घरबाटोको सिफारिस माग गर्ने निवेदनमा अनिवार्य रुपमा "भरतपुर उमनपाको भवन निर्माण सम्बन्धि मापदण्ड मलाई जानकारी छ" भनी लिनेदिने दुबैको हस्ताक्षर गराएर मात्र सिफारिस दिने ।

निर्णय न.१०

अंशवण्डाको क्रममा कित्ता काट गर्दा बाटो र मोडको मापदण्ड (८ मीटर र ६ मीटर, अर्ध व्यास ३.५ मीटर) लागू हुने तर खुला क्षेत्रको प्रावधान लागू नहुने । यस्तो सिफारिस गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिने ।

निर्णय न.११

छिमेकीहरुको सहमतिमा बाटो खोल्दा तथा बाटोको कित्ताकाट गर्दा बाटोको मापदण्ड तथा मोड सम्बन्धी मापदण्ड (८ मीटर र ६ मीटर, अर्ध व्यास ३.५ मीटर) लागू हुने तर खुला क्षेत्रको प्रावधान लागू नहुने । छिमेकीको सहमति बेगर निजलाई मापदण्ड (सेटब्याक) लागू हुने गरी सीमामा बाटो खोल्न सकिने छैन ।

निर्णय न.१२

१६ मीटर भन्दा फराकिलो मुल बाटोमा २० कठ्ठा भन्दा बढी जग्गालाई सेवा दिने गरी बाटो खोल्दा मुख्य बाटो ८ मीटर कायम नभएको स्थानमा ८ मीटर कायम गर्न बाटोको दुवै तर्फबाट नपुग जग्गा आधा/आधा जग्गा बाटोमा थप गरि (एकातर्फि बाटोमा सोहि तर्फबाट व्यहोर्ने गरी) बाटोको चौडाई न्यूनतम् ८ मिटर कायम गरी कित्ता काट एवं लगत कट्टा गरी खरिद विकी तथा अन्य सेवाको लागि सिफारिश दिने । अन्य बाटो ६ मिटर कायम गर्ने, मोडको हकमा मोड समेत मिलाउने ।

Scanned by CamScanner

निर्णय न.१३

उक्त सिफारिशहरु लिनको लागि भरतपुर उपमहानगरपालिकाले, मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरेको न्यूनतम मूल्यांकनको १(एक) प्रतिशत शुल्क तोकेको र उक्त शुल्कको विषयमा नगर विकाश समितिमा पनि यस्तै शुल्क लाग्ने समेत कारणले मिति २०७३ साल भाद्र १७ गते शुक्रवार मउमनपामा विभिन्न सरोकारवालाहरु सहित बसेको बैठकबाट पुनरावलोकन गर्नु पर्ने सुझाव प्राप्त भए अनुसार आगामी नगरपरिषदबाट समर्थन गराउने गरि हाललाई ०.५ प्रतिशत कायम गर्ने ।

निर्णय न.१४

Field मा वाटो भएको तर लगत कट्टा नभएको, उक्त वाटोहरुलाई वाटो मानी विकास योजना संचालन भै रहेको तथा वाटो मानी नक्सापास समेत गरि रहेको अवस्थामा, यस्तो वाटोको लगतकट्टालाई अभियानको रुपमा संचालन गर्ने । यस्ता जग्गाहरु विविध प्रयोजनको लागि सिफारिश माग गर्न आएमा कित्ताकाट तथा लगत कट्टा समेत गर्ने गरि सिफारिश दिने ।

२०७३।५।१५

Scanned by CamScanner

आज मिति २०७३ साल भाद्र २१ गते मंगलबारका दिन यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्युको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकिय अधिकृत श्री टीकाराम कँडेल

कानुन अधिकृत श्री खगेश्वर अधिकारी

ना.सु. श्री तेजराज खनाल

निर्णय नं. १

यस भरतपुर उप-महानगरपालिका पदपूर्ति समितिको मिति २०७३/०४/१७ गतेको निर्णय तथा सिफारिस बमोजिम भ.उ.म.न.पा. को मिति २०७३/०४/२३ गतेको निर्णय अनुसार स्ट्रक्चरल इन्जिनियर अधिकृत स्तर छैटौं पदमा श्री विवेक सिग्देललाई मिति २०७३/०४/२४ गते देखि स्थायी नियूक्ति दिईएकोमा निजले नेपाल सरकार इन्जिनियरिङ्ग सेवा समूह रा.प.तृतिय श्रेणी (प्रा.) पदमा सामान्य प्रशासन मन्त्रालयमा लोक सेवा आयोग द्वारा नाम सिफारिस भै निजले मिति २०७३/०५/१४ गते देखि लागु हुने गरी राजिनामा स्वीकृत गरी पाँउ भनि निवेदन पेश गर्नु भएकोमा निजको राजिनामा भ.उ.म.न.पा. को मिति २०७३/०५/१९ गतेको निर्णय अनुसार स्वीकृत भएकोले उक्त पदका वैकल्पीक उम्मेदवार श्री ज्योति लम्सालले नियूक्ति पाँउ भनि निवेदन दिनु भएकोमा निजलाई मिति २०७३/०५/२१ गते देखि लागु हुने गरी स्ट्रक्चरल इन्जिनियर अधिकृत स्तर छैटौं पदमा स्थायी नियूक्ति दिने निर्णय गरियो ।

०७३/५/२१

Scanned by CamScanner